धुलिखेल नगरपालिका कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

# धुलिखेल मनोरञ्जन पार्क संचालन तथा शुल्क उठाउने कार्य सम्बन्धी

# शिलबन्दी बोलपत्र फारम

## आ.व–०७३/०७४

फारम दस्तुर : रु १०२०/ अक्षेरेपी एकहजार बीस (पछि फिर्ता नहुने)

**धुलिखेल नगरपालिका कार्यालय**

**<u>धुलिखेल मनोरंजन पार्क संचालन तथा शुल्क उठाउने कार्यको ठेक्का सम्बन्धी</u>**

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७३/०४/२८गते)**

धुलिखेल न.पा. वडा नं. २ मा अवस्थित धुलिखेल मनोरंजन पार्क संचालन तथा शुल्क उठाउने कार्य सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप आ.व.०७३/०७४ को ठेक्का बन्दोबस्त द्धारा गराउनु पर्ने भएकोले इच्छुक फर्म,संस्था वा कम्पनीबाट फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपी, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र प्रतिलिपि, आन्तरिक राजश्व विभागबाट आ.व. ०७१/०७२ को कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि सहित बोलपत्र फाराम यस कार्यालयको राजश्व प्रशासन शाखाबाट रु १०२०। (अक्षरेपी रु एक हजार बीस ) मात्र पछि फिर्ता नहूने गरी नगदै तिरी प्रोप्राईटर वा निजले अख्तियार दिएको ब्यक्तिद्वारा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन भित्र कार्यालय समयमा बोलपत्र फाराम खरिद गर्न सकिनेछ । कार्यशर्त सम्बन्धि बिस्तृत जानकारीको लागि यस नगरपालिकाको खरिद ईकाइमा सम्पर्क राख्न हुन समेत सूचित गरिन्छ ।

**कार्य**

१ ईच्छुक बोलपत्रदाताहरुले फर्म दर्ताको अद्यावधिक इजाजत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता त्रप्रमाण पत्र र आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी बोलपत्र फारम वापत रु १०२०/(एकहजार बीस) पछि फिर्ता नहुने बुझाई सूचना प्रकाशित मितिले ३० दिन भित्रमा निवेदन दिई यस नगरपालिका कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२ शिलवन्दी बोलपत्र सम्बन्धि कागजातहरुको प्रत्येक पानामा शिलवन्दी बोलपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ । शिलवन्दी बोलपत्रमा कबोल रकम अकं र अक्षर दुवैमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा स्पष्ट संग दस्तखत भएको हुनुपर्नेछ ।

३ दाखिला हुन आएका शिलवन्दी बोलपत्र ३१ औं दिनको २.०० बजे तोकिएका सरकारी कार्यालयका प्रतिनिधीहरु र शिलवन्दी बोलपत्रदाताको प्रतिनिधीहरुको रोहवरमा यस नगरपालिका कार्यालयमा खोलिनेछ । शिलवन्दी बोलपत्रदाताका प्रतिनिधीहरु उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४ शर्त राखी (थप सुविधा दिने बाहेक) म्याद नाघी र रित नपुगी आएका शिलवन्दी बोलपत्रलाई मान्यता दिईने छैन ।

५ प्रत्येक बोलपत्रदाताले, बोलपत्र फाराममा उल्लेखित शर्तहरुको पुर्ण रुपले पालना गरेको हुनुपर्नेछ ।

६ बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७ प्रतिनिधी मार्फत शिलबन्दी बोलपत्र सम्बन्धि काम गर्नु पर्ने भए प्रचलित कानुन बमोजिम वारेस पठाउनु पर्नेछ ।

८ शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९ बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित मुल्य अकिंत परिमाण (BOQ) मा न्यूनतम अंक रु १० लाख अक्षेरेपी दसलाख भन्दा कम कबोल गरेमा उक्त बोलपत्र स्वत अस्वीकृत हुनेछ । शिलवन्दी बोलपत्र फाराममा सवै भन्दा बढी अकं कबोल गर्ने, यसमा उल्लेखित शर्तको पालना गर्ने, यस कार्यालयको स्वार्थ नबाझिएको र प्रचलित कानुन बमोजिम अयोग्य नभएको बोलपत्र कार्यालयले स्वीकृत गर्न सक्नेछ । यस सम्बन्धमा माथि जे सुकै लेखिएता पनि कुनै कारण जनाई वा नजनाई कुनै बोलपत्रदाताको बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस

कार्यालयमा सुरक्षित रहनेछ । यसै बमोजिम यस सम्बन्धि ठेक्का प्रक्रिया समेत कार्यालयले खारेज गर्न सक्नेछ ।

१० बोलपत्रदाताले आफुले कबोल गरेको अंकको (मु.अ.कर बाहेक) २.५ प्रतिशतले हुने रकम धुलिखेल नगरपालिका कार्यालयको राष्ट्रिय बाणिज्य बैंक धुलिखेल स्थित धरौती खाता नं. ग–३–०–२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैकंबाट मान्यता प्राप्त कुनै पनि बाणिज्य बैकंहरुबाट यस कार्यालयको नाममा जारी भै शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको बिडबण्ड संलग्न राखी सूचना प्रकाशित मितिले ३१ औ दिनको १२.०० बजे भित्रमा शिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । स्वीकृत भएको बोलपत्रदाताले कार्यालयले तोकेको शर्तमा सम्झौता गर्न नआएमा धरौती वापतको रकम फिर्ता गरिने छैन ।

११ यस ठेक्कामा नियमानुसार लाग्ने कर बोलपत्रदाताले आफनै तर्फबाट व्यहोर्नेछ । उक्त रकम बोलपत्रदाताले नै सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

१२ स्वीकृत बोलपत्रदाताले सम्झौता गर्न आउदाका बखत आफुने कबोल गरेको अंक एक मुष्ट रुपमा नगद जम्मा गरेमा ५ प्रतिशत रकम छुट दिईनेछ ।

१३ माथि उल्लेख भए बाहेकका विषयमा यस न.पा.को निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ । थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१४ यसमा उल्लेख नभएका कुराहरुको सम्बन्धमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५ यसमा अतिरिक्त अन्य कुराहरु थपघट गर्नु परेमा दुवै पक्षको सहमतिमा गरिनेछ ।

१६ फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१७ परिचय खुलेको न.पा.पदाधिकारी र कर्मचारी साथै अन्य न.पा. बाट भ्रमणमा आएका पदाधिकारीलाई मनोरञ्जन पार्क क्षेत्र भित्र प्रवेश गरेको शुल्क लिन पाईने छैन ।

१८ यस नगरपालिका स्थित वार्ड नं २ अन्तर्गत मनोरञ्जन पार्क क्षेत्र भित्र देहाय बमोजिम शुल्क उठाउन पाईने छ ।

तपशिल :

क) प्रवेश शुल्क :

१) प्रतिब्यक्ति रु १०।-

२) बिद्यार्थी/बालबालिका रु ५।-

३)   बिदेशी रु १००।-   सार्कराष्ट्र रु ५०।-

ख)  पिकनिक स्पट स्थल

१)  स्थल प्रतिसेड

२५ जना सम्मको लागि रु १५०।-

२६ देखि ५० जना सम्मको लागि रु ३००।-

५१ देखि १०० जनासम्मको लागि रु ६००।-

१०१ देखि माथि रु १५००।-

२)  खुल्ला स्थानमा रु १५०।-

३)  सरसफाई सेवा शुल्क

२५ जना सम्मको लागि रु ५०।-

२६ देखि ५० जना सम्मको लागि रु १००।-

५१ देखि १०० जना सम्मको लागि रु १५०।-

१०१ देखि १५० जना सम्मको लागि रु २००।-

१५१ देखि माथि रु ५००।-

ग) पार्किङ्ग :

१)  मोटरसाईकल प्रतिघण्टा रु २।-, प्रतिदिन रु १०।-

२) कार, भ्यान प्रतिघण्टा रु १०।-, प्रतिदिन रु ४०।-

३) बस, मिनिबस प्रतिघण्टा रु १०।-, प्रतिदिन रु ४०।-

घ)  टेलिफिल्म छांयाकन (ब्यबसायिक) रु १००।-, विदेशी रु ५००।-

ङ)  फिचर फिल्म छांयाकन (ब्यबसायिक) रु ५००।-, विदेशी रु १०००।-

(न.पा.को अनुमति बिना ब्यबसायिक टेलिफिल्म तथा फिचर फिल्म छांयाकन बनाएमा शत प्रतिशत जरिवाना लाग्नेछ)

१९  मनोरञ्जन पार्क क्षेत्र भित्र आउने आगन्तुकहरुको सुविधाको लागि न.पा.ले तोकिदिएको स्थानमा ठेकेदार स्वयंले खाजाघर सञ्चालन गर्नुपर्नेछ । खाजाघरमा कानुन बमोजिम निषेधित सामान राख्न पाईने छैन ।

२० यो सम्झौता २०७४ भाद्र मसान्त सम्मको लागी हुनेछ । बिशेष परिस्थिती बाहेक मनोरंजनपार्क संचालन, शुल्क उठाउने तथा ब्यबस्थापन सम्बन्धी सार्बजनिक निजी साझेदारीको अवधारणा अनुरुप ठेकेदारले प्रस्तावना (प्रपोजल) पेश गरेमा र सो प्रस्तावना सम्बन्धित समितिलाई उपयुक्त लागेमा साविक सम्झौता रकममा थपघट हुनेगरी सम्झौता नविकरण गर्न चाहेमा दुबैपक्षको सहमतिमा गर्न सो समितिले न.पा.लाई सिफारिस गर्न सक्नेछ ।

२१ मनोरञ्जन पार्क क्षेत्र भित्र वरिपरिको सरसफाई साथै रेखदेख ठेकदार स्वयंले गर्नुपर्नेछ र ठेकेदारबाट निर्माण गरेका भौतिक संरचनाहरु र न.पा.ले निर्माण गरेका भौतिक संरचनाहरु अन्तिम समयसम्म यथास्थानमा दुरुस्त हुनुपर्नेछ ।

२२ बोलपत्र साथ दाखिला गरेको अर्नेष्ट मनि (धरौटी) रकम ठेक्का म्याद रहेसम्म नगरपालिकामा डिपोजिट रहिरहनेछ । म्याद समाप्त भएपछि मात्र फिर्ता दिईनेछ ।

२३ आफूले बुझाएको किस्ता पेश्की समाप्त हुने तोकिएको महिना अगाडी नै पुनः अर्को किस्ता बुझाई सक्नु पर्नेछ ।सो म्याद भित्र पेश्की किस्ता नबुझाई बसेमा ठेक्का खारेज गरि बोलपत्र साथ जम्मा भएको अर्नेष्ट मनि धरौटी पनि जफत गरिनेछ । त्यसरी ठेक्का खारेज भए गरेवाट नगरपालिकालाई हानी नोक्सानी भएमा सोको हर्जना समेत ठेकदारवाट असुल उपर गरिनेछ ।

२४ नगरपालिकाले तोकिदिएको स्थानमा बसि शुल्क असुल गरि आउदा उक्त शुल्क सम्बन्धी बादबिबाद खडा भएमा नगरपालिकाले दिएको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

२५ ठेक्का पट्टा पुर्जि लिई सकेपछि आफ्नो तर्फवाट कर्मचारी राखी हाल रहेको मनोरञ्जन पार्कमा बसि शुल्क उठाउनु पर्नेछ ।

२६ मनोरञ्जन पार्क भित्र प्रवेश शुल्क लिँदा रितपुर्वकको सवै विवरण यथार्थ खुलाई लेखि रसिद प्रमाण दिनु पर्नेछ ।

२७ मनोरञ्जन पार्क भित्र रहेका खानेपानी, बिजुली मर्मत सम्बन्धी ब्यबस्थापन ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

२८ खानेपानी बिजुली महशुलको रकम महिना महिनामा सम्बन्धित कार्यालयमा गई ठेकेदार स्वयंले बुझाउनु पर्नेछ ।

२९ पार्कलाई निरन्तर हरियाली तथा सुन्दर बनाई राख्नको लागी सिजन अनुसारको फूल बिरुवा लगाउन र आवश्यक ब्यबस्थापन ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

३० .शौचालयको मर्मत संभार र ब्यबस्थापन ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

३१ मनोरञ्जन पार्क क्षेत्र वरिपरि रहेका रुखहरु न.पा. र उपभोक्ता समितिको इजाजत बेगर कटान गर्न पाउने छैन ।

३२ पार्क वरिपरि सरसफाई तथा अन्य सूचना मूलक बोर्डहरु न.पा.ले तोकेको स्थानमा मात्र राख्नु पर्नेछ ।

३३ पार्क भित्र एउटा सुझाव पेटीकाको ब्यबस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

३४ पार्कको बिज्ञापनको लागि ब्रोसर, पर्चा, सूचना मूलक सन्देश संचार माध्यम तथा अन्यमा प्रचारात्मक कार्यक्रम प्रसारण गर्नु अघि न.पा.लाई जानकारी गराएर मात्र उक्त कार्य गर्नुपर्नेछ ।

३५ पार्क भित्र रहेका संरचनाहरुको रङ्गरोगन तथा मर्मत संभार ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

३६ मनोरञ्जन पार्क अगाडी रहेको न.पा.ले तोकिदिएको क्षेत्र वा सार्वजनिक जग्गामा आवश्यक ब्यबस्थापन गरि पार्किङ्ग सुविधा र शुल्क उठाउने कार्य ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

३७ पार्क भित्र रहेका सेडको छुट्टा छुट्टै स्थानिय नामाकरण न.पा.ले तोके बमोजिम गर्नुपर्नेछ ।

३८ आगन्तुकहरुलाई उपलब्ध गराउने बिल/रसिदको पछाडी जानकारी मूलक सन्देश न.पा.ले तोकी दिए अनुसारको ब्यबस्था गर्नुपर्नेछ ।

३९ पार्क क्षेत्र भित्रको चिलड्रेन पार्कको लागि पर्याप्त मनोरञ्जनात्मक कुराहरुको ब्यबस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

४० मनोरञ्जन पार्कमा ठेकदारको तर्फबाट कार्यरत कर्मचारीहरुको तलव तथा अन्य सुविधा ठेकेदार स्वयंले ब्यबस्था गर्नुपर्नेछ ।

४१ मनोरञ्जनपार्क भित्रका भौतिक संरचनाहरुको क्षति हुन गएमा ठेकेदार स्वयंले पुनः निर्माण तथा क्षतिपुर्ति ब्यहोर्नु पर्नेछ ।

४२ न.पा.ले तोकिदिएको दैनिक समय भन्दा फरक समयमा मनोरञ्जनपार्क सञ्चालन गर्न पाईने छैन ।

४३ स्थानीय बासिन्दाहरुलाई बाधा पुग्ने कुनै क्रियाकलापहरु गर्न पाईने छैन ।

४४ मनोरञ्जनपार्क भित्र भौतिक संरचना पुनः निर्माण वा नयाँ निर्माण गर्नुपर्ने भएमा नगरपालिकाको निर्णय तथा प्राबिधिक सहयोगमा गर्नुपर्नेछ ।

४५ ठेकेदारले बोल कबोल गरेको एकमुष्ट रकम न.पा. लाई अग्रिम बुझाएमा १०% छुट दिइनेछ ।

४६ असहाय तथा अपाङ्ग व्यक्तिहरु संग ठेकदारले शुल्क लिन पाईने छैन ।

४७ ठेकेदारले कबोल गरेको रकम तीन किस्ता गरी निम्न समयतालिका बमोजिम भक्तानी गर्नुपर्नेछ

(१) पहिलो किस्ता रकम २५% मिति २०७३ साल आश्विन मसान्त सम्मम

(२) दोश्रो किस्ता रकम ५०% मिति २०७३ साल माघ मसान्त सम्ममा

(३) तेश्रो अन्तिम किस्ता रकम २५% मति २०७४ साल जेठ महिना सम्ममा

मिति :

श्रीमान् कार्यकारी अधिकृत ज्यू

धुलिखेल नगरपालिका कार्यालय

त्यस नगरपालिकाको मिति २०७३/०४/२८ प्रकाशित **धुलिखेल मनोरञ्जन पार्क संचालन तथा शुल्क उठाउने कार्य सम्बन्धि शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना** बमोजिम सार्वजनिक नीजि साझेदारी अवधााण अनुरुप आ.व. ०७३/०७४ को लागी ठेक्कामा लिई ईच्छुक भएकोले निम्न विवरण खोली यो शिलबन्दी बोलपत्र पेश गरेको छु ।

**फर्म,संस्था वा कम्पनीको**

प्रोपाइटरको नाम,थर..............................................

दस्तखत..............................................

स्थायी ठेगाना....................................................

सम्पर्क टेलिफोन नं..............................................

मोवाइल नं......................................

इमेल ........................................

फर्म,,संस्था वा कम्पनीका छाप

धुलिखेल नगरपालिका कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

# धुलिखेल मनोरञ्जन पार्क संचालन तथा शुल्क उठाउने सम्बन्धी कार्यको शिलबन्दी बोलपत्र

## मूल्य अंकित परिमाण (Bill of Quantity)

| सि.नं. | विबरण | एकाइ | कबोल अंक (कर बाहेक) रु. | | २०७३/०७४ को १० महिना सम्मको कूल कबोल अंक ( कर बाहेक) रु. |
|---|---|---|---|---|---|
| | | | *अंकमा* | *अक्षरमा* | |
| १ | धुलिखेल मनोरंजन पार्क संचालन तथा शुल्क उठाउने कार्य | एकमुष्ठ | | | |
| जम्मा कबोल रकम *अक्षरमा* रु. | | | | | |

**मूल्य अंकित परिमाण (BOQ) मा न्यूनतम अंक रु. १२,००,०००.०० अक्षेरेपि बाह्र लाख रुपैया भन्दा कम अंक कबोल गरेमा उक्त बोलपत्र स्वतः अस्वीकृत हुनेछ।**

धरौटी राखेको रकम रु. विडबण्ड नं...........

बैक भौचर नं. र भौचरको मिति विडबण्ड जारी गर्ने बैकको नाम र शाखा..............

विडबण्ड रकम रु.............................

**<u>फर्म,संस्था वा कम्पनीको</u>**

प्रोपाइटरको नाम,थर............................................

दस्तखत.............................................

स्थायी ठेगाना...................................................

सम्पर्क टेलिफोन नं...............................................

मोवाइल नं....................................

इमेल .......................................

फर्म,,संस्था वा कम्पनीका छाप